गोरखा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय,गोरखा

आर्थिक वर्ष ०७९/०८० को आय अनुमान

| क. स. | श्रोत विवरण | वजेट शीर्षक | आ.व. ०७९/०८० को अनुमानित बजेट |
|---|---|---|---|
| १ | अन्तरसरकारी वित्तिय हस्तान्तरण | | |
| १.१ | नेपाल सरकार | वित्तीय समानीकरण अनुदान | २४७७००००० |
| | | सशर्त अनुदान | ३८२९००००० |
| | | विशेष अनुदान | ० |
| | | समपुरक अनुदान | ० |
| १.२ | प्रदेश सरकार | वित्तीय समानीकरण अनुदान | ३२३४५००० |
| | | सशर्त अनुदान | ० |
| | | विशेष अनुदान | ० |
| | | समपुरक अनुदान | ० |
| २. | राजश्व वाँडफाँड | | |
| २.१ | | संघिय सरकार | १२३७५९००० |
| २.२ | | विद्युत रोयल्टी | १४०००००० |
| २.३ | | प्रदेश सरकार | १५६०५००० |
| ३. | आन्तरिक आय | | ५८३०१५०० |
| ५. | घर जग्गा रजिष्ट्रेसन | | १३०००००० |
| ६. | जनसहभागिता | | २००००००० |
| ७. | नगद मौज्दात | | २५०००००० |
| ९. | सडक वोर्ड नेपाल | | ८०५०००० |
| कुल जम्मा | | | ९४०६६०५०० |

कृष्ण बहादुर राना मगर

नगर प्रमुख

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
डुम्रीडाँडा, गोरखा
गण्डकी प्रदेश, नेपाल

सभाअध्यक्ष ज्यू,

१ नेपालको संविधान तथा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७१, गोरखा नगरपालिकाको विनियोजन ऐन २०७९, आर्थिक ऐन २०७९, गोरखा नगरपालिकाको नीति तथा कार्यक्रम २०७९ अनुसार गोरखा नगरपालिकाको नगर उपप्रमुख एवम् नगरसभा सदस्यको तर्फबाट यस सम्मानित नगर सभासमक्ष आगामी आर्थिक वर्ष २०७९/०८० को योजना, कार्यक्रम तथा बजेट प्रस्तुत गर्न पाउँदा अत्यन्त गौरवान्वित महसुस गरेको छु ।

२ आजको यस महत्वपूर्ण अवसरमा राजनीतिक परिवर्तनको लागि जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरू प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु । त्यसै गरी राष्ट्रियता, स्वाधिनता, लोकतन्त्र, सामाजिक न्याय, समानता र समृद्धिको लागि सङ्घर्ष गर्नु हुने महान् नेपाली दिदी बहिनी तथा दाजु भाइहरु र त्यसको सबल एवम् सक्षम नेतृत्व गर्नु हुने नेपाली राजनीतिका शिखर व्यक्तित्वहरू प्रति हार्दिक सम्मान प्रकट गर्न चाहन्छु ।

३ मौलिक स्वरूपको राजनीतिक प्रणालीको स्थापना सँगै नगरपालिकाको सम्पूर्ण स्रोत, साधनको सदुपयोग गरी विकास र समृद्धिको बाटोमा निरन्तर रूपमा अघि बढ्न ठूलो प्रेरणा मिलेको छ ।

४ आगामी वर्षको बजेट तर्जुमा गर्दा मैले नेपालको संविधान, यसै सभामा पेश गरी पारित भएको नगरपालिकाको नीति तथा कार्यक्रम, संघीय र प्रादेशिक सरकारका विनियोजन ऐन, २०७९, गोरखा नगरपालिकाको विनियोजन ऐन, २०७९ ले लिएका सिद्धान्त र प्राथमिकता, नेपाल सरकारको नीति तथा कार्यक्रम, चालु आवधिक योजना, दिगो विकासको लक्ष्य र विभिन्न क्षेत्रका महानुभावहरूले दिनु भएको सुझाव र सल्लाह, नगर सभाका सदस्यहरूले दिनु भएको सुझाव र सल्लाह तथा विभिन्न संघसस्था र सम्बद्ध सबै पक्षबाट प्राप्त रचनात्मक सुझावहरूलाई समेत ध्यान दिएको छु ।

५ गोरखा नगरपालिकालाई शैक्षिक हबको रुपमा विकास गर्दै जाने, स्वस्थ नगरवासी स्वच्छ नगरपालिकाको मुल मर्मलाइ अंगिकार गर्दै निर्वाहमुखी कृषि पद्धतिलाई व्यवसायिकतामा रुपान्तरण गर्ने र स्तरीय सडकको पहुँच वृद्धि गरी पर्यटन पूर्वाधारमा समेत जोड दिने नीतिगत मार्गदर्शनलाई अंगिकार गर्दै बजेट बिनियोजन गरीएको छ । साथै गोरखा नगरपालिकाको सेवा प्रवाहमा सुशासन, जनसहभागिताका र पारदर्शिता प्रवर्द्धन गर्दै दिगो विकासका दीर्घकालीन दृष्टिकोण अनुरुप आर्थिक सामाजिक तथा सांस्कृतिक विकासको मौलिक ढाँचामा अघि बढिरहेको छ । सबै नगरवासीलाई मर्यादित काम, न्यूनतम खाद्य सुरक्षा, गुणस्तरीय आधारभूत शिक्षाको सुनिश्चितता, आधारभूत स्वास्थ्यमा पहुँच, घरघरमा स्वच्छ खानेपानी र सुरक्षित आवासजस्ता अत्यावश्यक आवश्यकताहरूको परिपूर्ति नै यो बजेटको मूलभूत मान्यता र उद्देश्यहरू हुन् ।

६ नगरको आर्थिक विकासको स्तर र विकासका लागि कानूनको प्रभावकारी कार्यान्वयन र परिपालना, भौतिक संरचनाको निर्माण र व्यवस्थापन, आन्तरिक श्रोतको परिचालन, उत्पादन र उत्पादकत्व वृद्धि, योजनाको प्राथमिकीकरण र कार्यान्वयन, सार्वजनिक निर्माणमा गुणस्तरियता र सुशासन प्रवर्धन, सीपयुक्त दक्ष जनशक्तिको अभाव हाम्रा प्रमुख चुनौति हुन ।

कृष्ण बहादुर राना मगर
नगर प्रमुख

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
डुम्रीडाँडा, गोरखा
गण्डकी प्रदेश, नेपाल

सभाअध्यक्ष ज्यू,

७ अब म नगरको आर्थिक स्थितिको बारेमा संक्षिप्त जानकारी गराउन चाहन्छु ।

८ चालु आर्थिक वर्षको राजस्व परिचालन लक्ष्यको करिव ४६ दशमलव ०७ प्रतिशत (३ करोड ६८ लाख ५९ हजार ४ सय ५८ रुपैया) पुगेको छ । गोरखा नगरपालिकालाई राजस्व र अनुदान तथा अन्य गरी संघिय सरकार, प्रदेश सरकार र नगरपालिकाको आन्तरिक श्रोत गरी जम्मा १ अर्ब २३ करोड २६ लाख ४ हजार ६ सय २१ रुपैयाँ मात्र प्राप्त भएकोमा सो बाट चालु तर्फ ८४ दशमलब ५० प्रतिशत र पुँजीगत तर्फ ७७ दशमलब २६ प्रतिशत खर्च भएको छ । साथै आगामी आर्थिक बर्ष २०७९/८० को लागि कुल बजेट ९४ करोड ६ लाख ६० हजार ५ सय रुपैया रहेकोमा जुन कुल बजेटको ४३ दशमलब ६२ प्रतिशत पूँजिगत तर्फ र ५६ दशमलब ३८ प्रतिशत चालु तर्फ हुने व्यहोरा सम्मानित सभामा जानकारी गराउन चाहन्छु ।

सभाअध्यक्ष ज्यू

९ अब म आगामी आर्थिक वर्ष २०७९/८० को बजेटको उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु । बजेटका उद्देश्यहरू निम्नानुसार प्रस्तुत गरेको छु ।

क, नागरिकको मौलिक हकलाई स्वास्थ्य सँग एकाकार गर्दै मानव विकासका सूचकाङ्कका न्युनतम आधारभूत आवश्यकताहरू परिपूर्ति गर्दै विपन्नता र पछौटेपनको अन्त्य गर्न पहल गर्दै समावेशी तथा समुन्नत समाजको सिर्जना गर्ने,

ख, स्थानिय श्रोत र साधनको अधिकतम् उपयोग गरी आर्थिक, सामाजिक र मानवीय पुँजिको विकास गर्न आधार तय गर्ने,

ग, आर्थिक, भौतिक तथा सामाजिक पूर्वाधार विकासका गर्दै आम नगरवासीको जनजिवनलाई व्यवस्थित गर्ने,

घ, कृषि र पशु जन्य उत्पादनलाई व्यवसायीकरण र बजारीकरण गर्दै नगरपालिकालाई सुदृढ र आत्मनिर्भर बनाउने,

ङ, पर्यटन पुर्वाधार विकासको माध्यमबाट आन्तरिक र वाह्य पर्यटनको पर्वद्धन गर्ने,

च, नमुना योग्य विकासको आधार तयार गर्ने

छ, नगरवासीलाई नगरपालिकाबाट प्रदान हुने सेवा चुस्त दुरुस्त पारी प्रविधिमैत्री बनाउने उद्धेश्य रहेको छ ।

१० आर्थिक वर्ष २०७९।८० को बजेटका प्राथमिकताहरू निम्नानुसार प्रस्तुत गरेको छु ।

- स्वास्थ्य,
- शिक्षा, युवा तथा खेलकूद
- कृषि तथा पशु पंक्षी
- सामाजिक विकास
- गुणस्तरीय भौतिक पूर्वाधार
- पर्यटन पूर्वधारको विकास र प्रवर्धन,
- विपद् व्यवस्थापन
- स्वच्छ खानेपानी तथा सरसफाई
- वन तथा वातावरण
- सुशासन तथा क्षमता विकास

कृष्ण बहादुर राना मगर
नगर प्रमुख

११ प्रस्तुत बजेटका उद्देश्यहरू हासिल गर्न तथा प्राथमिकता कार्यान्वयन गर्न संघीय र प्रदेश सरकारसँग समन्वय र सहकार्य गर्ने छ। उपलब्ध पूँजी, प्रविधि, सीप र श्रमशक्तिको प्रभावकारी उपयोग गर्न सरकारी, निजि, सहकारी, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्था एवं सामुदायिक संस्थाहरुसंग सहकार्य गरिने छ।

१२ अव म क्षेत्रगत कार्यक्रम तथा विनियोजन प्रस्तुत गर्न चाहन्छु।

१३ नगरपालिकाका १४ वटै वडाहरूको न्यायोचित तथा समानुपातिक विकासका लागि प्रत्येक वडामा वडास्तरीय आर्थिक, सामाजिक, सांस्कृतिक र पूर्वाधार लगायतका क्षेत्रहरूको विकासका लागि प्रति वडा न्युनतम एक करोड हुने गरी वडागत योजनालाई उच्च प्राथमिकता दिइएको छ। जसबाट नगरका सबै वडाहरू एउटै विकासको स्तरमा पुग्ने अपेक्षा गरेको छु।

१४ यसरी सबै वडाहरूलाई विनियोजन गरेको रू १४ करोड  लाई पूर्वाधार विकास, शिक्षा युवा तथा खेलकूद, स्वास्थ्य, खानेपानी,वन वातावरण सरसफाइ तथा विपद व्यवस्थापन, सामाजिक विकास, पर्यटन, कृषि, पशु, सुशासन एवम् क्षमता विकास शीर्षकका योजनामा बजेट विनियोजन गरिएको छ।

१५ त्यसै गरी न्यायिक समिति तर्फ ३६ लाख ५० हजार, सहकारी तथा सुशासन तर्फ १९ लाख, राजश्व सुधार तर्फ ९ लाख ५० हजार, सूचना प्रविधि तर्फ २४ लाख, कृषी तर्फ १ करोड ११ लाख, शिक्षा तर्फ २ करोड ८० लाख ३६ हजार, आयुर्वेद तर्फ १६ लाख, वन, वातावरण तथा विपद व्यवस्थापन तर्फ ५१ लाख ३० हजार, सामाजिक विकास तर्फ १ करोड ४६ लाख ५० हजार, स्वास्थ्य तर्फ १ करोड ६ लाख, पूर्वाधार तथा नक्सा पासतर्फ ४२ लाख , पशु सेवा तर्फ २६ लाख ५० हजार गरी जम्मा ८ करोड ६८ लाख ६६ हजार शाखागत रुपमा बजेट विनियोजन गरिएको छ।

१६ नगरस्तरिय योजना अन्तर्गत विपद व्यवस्थापन कोषको लागि ४४ लाख, मर्मत संभार कोषको लागि ८० लाख, समपुरक कोष ७० लाख, १४ हजार ५ सय, सडक उन्नती, भवन निर्माण मठ मन्दिर चर्च, मदर्सा, गुम्बा, बाटो ढलान, खानेपानी योजना, नमुना पूर्वाधार तथा रोजगार प्रवर्द्धन कार्यक्रम तथा विभिन्न आयमुलक कार्यक्रमको लागि क्षेत्रगत रूपमा रू. १२ करोड २८ लाख ४ हजार ५ सय विनियोजन गरिएको छ। साथै गोरखा नगरपालिकाबाट वडागत, शाखागत तथा नगरस्तरीय योजना तथा कार्यक्रमकोलागि बिषयक्षेत्रगत रूपमा पूर्वाधार तर्फ  २० करोड २० लाख २५ हजार, सामाजिक विकास तर्फ ८ करोड ७८ लाख ६१ हजार, वन वातावरण तथा विपद व्यवस्थापन तर्फ १ करोड २० लाख ३० हजार, सुशासन तथा क्षमता विकास तर्फ १ करोड ८३ लाख ५० हजार र आर्थिक विकास तर्फ २ करोड २३ लाख रकम बिनियोजन गरिएको छ।

सामाजिक विकास

स्वास्थ्य

१७ स्वास्थ्य स्क्रिनिङ शिविर संचालन गर्नका लागि आवश्यक बजेट विनियोजन गरिएको छ।

१८ महामारी जन्य रोगको नियन्त्रण र नगरबासीहरुमा सचेतना अभिवृद्धि गर्न आवश्यक बजेट विनियोजन गरिएको छ।

१९ स्वच्छ समाज स्थापना गर्न स्वस्थ नगरबासी, स्वच्छ नगरपालिका भन्ने अभियान संञ्चालन गरी आम नागरिक र सरोकारवालाहरूको सहभागितामा कम्तिमा महिनाको एक पटक नगर सरसफाइ कार्यक्रम सञ्चालन गर्न आबस्यक बजेटको ब्यवस्था गरिएको छ।

२० स्वास्थ्य अन्तर्गत आधारभूत स्वास्थ्य सेवा कार्यक्रम, पूर्ण खोप कार्यक्रम, सुरक्षित मातृत्व कार्यक्रम, निशुल्क औषधि कार्यक्रम, स्वास्थ्य केन्द्रहरूको सुधार कार्यक्रम, आयुर्वेद स्वास्थ्य कार्यक्रम, योग तथा ध्यान शिविर, जनचेतनामूलक कार्यक्रमहरूका लागि १ करोड २७ लाख बजेटको व्यवस्था गरेको छु।

कृष्ण बहादुर राना मगर

२१ बाल पोषणमा सुधारका लागि नमूनाको रूपमा [illegible] कार्यक्रमका लागि रु १० लाख बजेट विनियोजन गरिएको छ । सरकारी स्वास्थ्य सस्थामा जन्मेका नवजात शिशुहरुको सुरक्षाका लागि न्यानो झोला वितरण कार्यक्रमको व्यवस्थापन गरिएको छ ।

२२ आधारभूत स्वास्थ्य सेवालाई सर्वसुलभ, भरपर्दो र गुणस्तरीय तुल्याइने छ । आधारभूत स्वास्थ्य सेवामा सबै नागरिकको पहुँच सुनिश्चित गर्न स्वास्थ्य विमा कार्यक्रमलाई प्रभावकारी बनाउन आवश्यक बजेटको व्यवस्था गरिएको छ ।

२३ नगरबासीलाई आधारभुत स्वास्थ्य सेवा प्रदान गर्नका लागि गोरखा अस्पताललाई एकमुस्ठ अनुदानको रुपमा १५ लाख रुपैयाँ विनियोजन गरिएको छ ।

शिक्षा

२४ “दक्ष जनशक्ति, गुणस्तरिय शिक्षा, आत्मनिर्भर एवं समृद्ध नगर हाम्रो अपेक्षा” भन्ने मूल दृष्टिकोणका साथ शैक्षिक क्षेत्रहरुमा योजना सञ्चालन गर्न बजेट विनियोजन गरिएको छ ।

२५ सबै बालबालिकाहरूलाई आधारभूत र माध्यमिक शिक्षामा पहुंच सुनिश्चित गर्न विद्यालय भर्ना अभियानलाई अघि बढाई आगामी वर्ष नै विद्यालय उमेर समूहका सबै बालबालिकाहरूलाई विद्यालयमा भर्ना गराई आधारभूत शिक्षा सुनिश्चित भएको नगरपालिका घोषणा गरिने छ । सबै सामुदायिक विद्यालयमा रहेका बालबिकास केन्द्रका बालबालिकालाई तोकिएको मिति देखि दिवा खाजा उपलब्ध गराउन बजेट व्यवस्था गरिएको छ । बालविकास केन्द्रको व्यवस्थापनमा सुधार गर्दै प्रस्तावका आधारमा केही बाललिकास केन्द्रहरूमा सूचना प्रविधिमा आधारित भइ सिकाइ क्रियाकलाप सञ्चालन गर्न बजेट विनियोजन गरिएको छ ।

२६ दलित, सीमान्तकृत, अल्पसङ्ख्यक, जनजाति र सबै समुदायका गरीब र जेहन्दार विद्यार्थीहरूलाई नगर प्रमुख छात्रवृत्ति कार्यक्रमका लागि बजेट विनियोजन गरिएको छ ।

२७ कक्षा ५ र कक्षा ८ को परीक्षालाई थप सुदृढ बनाइने छ । विद्यालयबाट सञ्चालन हुने विभिन्न कक्षाका आवधिक परीक्षाको लागि परीक्षा सञ्चालन अनुदानको व्यवस्था गरेको छु ।

२८ विद्यालयलाई सुरक्षित स्थल बनाउन सबै विद्यालयहरूमा प्राथमिक उपचार सेवाको पहुच पुऱ्याइ प्राथमिक उपचारको व्यवस्था मिलाउन आवश्यक बजेट विनियोजन गरिएको छ ।

२९ नगरपालिका मार्फत नगरक्षेत्रभित्रका विद्यालयहरूको नियमित अनुगमन गरी विद्यालयको भौतिक र आर्थिक विकासगर्न आवश्यक बजेट विनियोजन गरिएको छ ।

रोजगारी र युवा तथा खेलकुद

३० नगर क्षेत्र भित्रको वडा नं. ११ मा नमुनाको रुपमा नमुना पूर्वाधार विकास तथा रोजगार प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्नका लागि रू. १ करोड विनियोजन गरिएको छ ।

३१ नगरभित्र थप रोजगारी सिर्जना गरी क्रमश नगरवासीलाई वैदेशिक रोजगारीमा जान नपर्ने अवस्था बनाउन युवाहरूलाई स्वरोजगार र उद्यम विकास कार्यक्रम सुरू गरिने छ । नगरपालिकाको रोजगार सेवा केन्द्र मार्फत हुने कार्यक्रमका लागि रु ३५ लाख ९९ हजार विनियोजन गरिएको छ ।

३२ युवा लक्षित सीपमूलक उद्यमशिलता र स्वरोजगार प्रवर्धन कार्यक्रम सञ्चालन गरिने छ । युवा स्वरोजगार कार्यक्रम, बेरोजगार जनशक्तिको अभिलेख र रोजगारीका अवसरको सूचना आदान प्रदान गर्न सूचना केन्द्रको स्थापना गरिने छ । श्रमबजारमा माग अनुरूपको सीपयुक्त जनशक्ति आपूर्ति गर्न संघ प्रदेश र नीजि तथा सहकारी क्षेत्र समेतको सहकार्यमा छोटो अवधिका तालिम सञ्चालन गर्ने व्यवस्था मिलाइएको छ ।

३३ सहकारी, नीजि क्षेत्र तथा गैरसरकारी संघ संस्थाहरूको साझेदारी र सहकार्यमा रोजगारमूलक व्यावसायिक तालिम र प्राविधिक शिक्षाको प्रोत्साहन गरिने छ । घरेलु तथा साना उद्योगजस्ता लघु उद्यममार्फत

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
डुम्रीडाँडा, गोरखा
गण्डकी प्रदेश, नेपाल

स्वरोजगारीको श्रृजनाका लागि सहकारी र निजी क्षेत्रको प्रवर्धन गरिने छ । सोको लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ ।

३४ नगरमा निर्मित रंगशालालाई थप व्यवस्थित गरिने छ । इन्डोर खेलहरूका लागि सेमी कबर्ड हलको निर्माण गरी एकिकृत खेल अभ्यासको वाताबरण बनाउन पहल गरिने छ । दक्ष एवम् अनुशासित खेलाडी विकासका लागि नियमित खेलकुद अभ्यासको वातावरण बनाइने छ । खेलकुद विकासका लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ ।

महिला बालबालिका तथा ज्येष्ठ नागरिक र सामाजिक सेवा

३५ गाउँ टोलमा क्रियासिल महिला सहकारी तथा समूहहरूको क्षमता विकास गरी महिलाहरूको आय आर्जन मार्फत जीवनस्तर सुधार गर्न आवश्यक बजेटको व्यवस्था गरिएको छ ।

३६ उपप्रमुख सवल नेतृत्व विकास कार्यक्रम संचालनको लागि रु. ३५ लाख विनियोजन गरिएको छ । विपन्न र पिछडिएका महिलालाई सीप र उद्यमशीलता विकास मार्फत काम र रोजगारीका अवसरमा पहुच पु¬याई स्वआर्जनमार्फत आत्मनिर्भर बनाउन आवश्यक रकम विनियोजन गरेको छु ।

३७ अपाङ्गता भएका व्यक्तिहरूको मनोवल, मर्यादा, सीप र क्षमता विकासको लागि पुनर्स्थापनाका कार्यक्रमहरू सञ्चालन गर्नका लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।

३८ बेसाहारा अवस्थाका व्यक्तिहरूको सुरक्षा र हेरचाह गर्ने संस्थाहरूलाई निश्चित कार्यविधिका आधारमा अनुदान प्रदान गरिने छ । मानव सेवा आश्रमको व्यवस्थापन खर्चका लागि रु. ८ लाख विनियोजन गरिएको छ ।

३९ दलित समुदायको सामाजिक एकिकरणको लागि पहल गरिने छ । कला कौशलको धनी दलित समुदायको परम्परागत सीपलाई आधुनिकीकरण गर्दै उद्योगको रूपमा विकास गर्न सहयोग गरिने छ । यसको लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।

४० महिला उद्यमीहरुका लागि कार्यक्रम संचालन गर्न आवश्यक बजेट विनियोजन गरिएको छ ।

४१ आदिवासी जनजातीहरुको प्रवर्धनका लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।

आर्थिक विकास

कृषि, पशु र सहकारी

४२ कृषिलाई गरिबी निवारण, बेरोजगारीको अन्त्य र खाद्य सुरक्षाको आधारको रूपमा विकास गरिने छ ।

४३ “कृषि निर्वाहमुखी होइन, व्यवसायिक कृषिमा जोड गरौ, आत्मनिर्भर अर्थतन्त्रको निर्माण गरौं” भन्ने मूल नाराका साथ कृषि उत्पादनमा व्यवसायीकरण, आधुनिकीकरण, यान्त्रिकरण तथा बजारीकरणमा विशेष जोड दिदै सामुहिक खेती प्रणाली, सामुहिक पशुपालन गरी कृषि क्षेत्रलाई आत्मनिर्भर र मर्यादित बनाउन आवश्यक बजेटको व्यवस्था गरिएको छ ।

४४ दलित उत्थान कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।

४५ कृषि व्यावसायलाई चाहिने मल बिउ बिषादी खरिदका लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।

४६ एक वडा एक उत्पादनको कार्यक्रमको आधारमा कृषिजन्य र पशुजन्य पदार्थमा नगरपालिकालाई आत्मनिर्भर बनाउन आवश्यक बजेट विनियोजन गरिएको छ ।
विउ उत्पादन कार्यका लागि सहकारी, कृषक समूहलाई प्राथमिकता दिनको लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।

४७ नगरपालिका भित्रका सबै सहकारी संस्थाहरूको अवस्था विश्लेषण गरी संस्थागत विकास र व्यवसायिक विकासमा जोड दिन उत्कृष्ट सहकारीलाई पुरस्कार वितरणको लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।

पर्यटन

४८ स्वाभिमानी गोर्खाली गोरखाको शान, सुन्दर स्वच्छ समृद्ध गोरखा ऐतिहाँसिक पहिचान भन्ने नारालाई सार्थक तुल्याउन पर्यटन प्रर्वधन गर्न आवश्यक बजेट विनियोजन गरिएको छ ।

४९ पर्यटनबाट रोजगारी र आय आर्जन बढाउन मनोरञ्जन, प्राकृतिक, पुरातात्विक, ऐतिहासिक. धार्मिक र साहसिक पर्यटनको पूर्वाधार निर्माण, बजार प्रवर्धन र सेवा सुविधाको विस्तार गर्न आवश्यक बजेट विनियोजन गरिएको छ । पर्यटकहरुको बसाइ अवधि लम्ब्याउन थप पर्यटकीय पूर्वाधारको विकास गर्न आवश्यक बजेट विनियोजन गरिएको छ ।

५० खोलखोले, सिसौ घारीमा ताल र छोटेलुदी ताल बनाउन सम्भाव्यता को अध्ययनका लगि आवश्यक बजेट व्यवस्था गरेको छु ।

उद्योग व्यापार र व्यावसाय

५१ नीजि क्षेत्रसँग साझेदारी गरी व्यापार व्यावसाय प्रवर्धन तथा उद्यमशीलता विकास कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाइएको छ ।

५२ नगरभित्र स्थापना भइ सञ्चालनको लागि ठुला, मझौला र साना लगानी कर्ताहरूलाई प्रोत्साहित गर्न आवश्यक बजेटको व्यवस्था गरिएको छ ।

५३ गरिबीको रेखामुनी रहेको पूर्ण बेरोजगारलाई तालिमको माध्यमबाट उद्यमशिलताको बिकास गराइ स्वरोजगार कार्यक्रम मार्फत उद्यमी बनाउन आवश्यक बजेटको विनियोजन गरिएको छ ।

५४ उद्योग र व्यावसाय दर्ता गर्ने प्रक्रियालाई सरल गरिने छ ।

पुर्वाधार विकास

आवास, भवन, शहरी पूर्वाधार र यातायात

५५ नगरपालिकामा बसोबास गर्ने आम नागरिकहरूलाई रणनैतिक महत्वको सडकले जोड्नका लागि सडक निर्माण तथा स्तरोन्नति कार्यका लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ

५६ नगर क्षेत्रका महत्वपूर्ण सडकको पहिचान गरी ती सडकहरूमा बाह्रै महिना सवारी साधन चल्ने सडकको रूपमा विकास गर्न सडक विकासका लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ ।

खानेपानी तथा सरसफाइ

५७ चालु खानेपानी योजनाहरूको मर्मत सुधार तथा व्यवस्थापनको कार्यलाई अगाडि बढाउन आवश्यक बजेटको व्यवस्था गरेको छु ।

५८ फोहोर मैला व्यवस्थापनको लागि गोरखा नगरपालिकाको फोहर मैला व्यवस्थापन ऐन २०७५ पूर्ण कार्यान्वयनमा ल्याइने छ । स्रोतमा नै विविधीकरण गरी फोहरलाई मोहरमा परिणत गर्न सार्वजनिक र नीजि क्षेत्रसँग सहकार्य गरिने छ । फोहर मैला व्यवस्थापनमा टोल विकास संस्थालाई सहयोगीको रूपमा परिचालन गरिने छ ।

५९ मेरो फोहोर मेरो जिम्मेवारी भन्ने नीतिगत व्यवस्था कार्यान्वयन गर्न आवश्यक बजेट विनियोजन गरिएको छ । नगर क्षत्रमा निर्माण हुने पूर्वाधारका योजनाहरुको निर्माणकार्यको दिगो विकासकालागि गुणस्तर परीक्षण गर्न आवस्यक रकमको व्यवस्था गरेको छु ।

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
डुम्रीडाँडा, गोरखा
गण्डकी प्रदेश, नेपाल

वन, वातावरण तथा विपद् व्यवस्थापन

६० नगरभित्र रहेका वनहरूको व्यवस्थापनलाई वैज्ञानिक बनाउँदै यस क्षेत्रको उपयोग र सरक्षण दुबैलाई प्राथमिकता दिइने छ । वनको सरक्षण र उपयोगमा नगरपालिकाको भूमिमा स्थापित गरिने छ । बाझो पर्ति, नदी, खोला किनार र खस्केका जमिनमा वृक्षारोपण र वन विस्तारलाई प्रोत्साहित गर्न आवश्यक बजेट बिनियोजन गरिएको छ ।

६१ स्थानीय वातावरण अनुकूलका उच्च मूल्यका वन पैदावारहरूको विस्तार मूल्य अभिवृद्धि र बजारीकरणलाई प्रोत्साहित गर्नको लागि आवश्यक बजेट बिनियोजन गरेको छु ।

६२ विपद् व्यवस्थापनलाई एकिकृत रूपमा सञ्चालन गर्न, नगरपालिकामा आकस्मिक र आपतकालीन उद्धार र राहत सामाग्रीहरूको प्रभावकारी व्यवस्थापन गर्न, बिपद् जोखिम न्यूनिकरण सम्बन्धी कार्यको लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।

६३ नगर क्षेत्रका पोखरी, मुल, धारा संरक्षण गर्न आवश्यक बजेट व्यवस्थापन गरेको छु ।

कृष्ण बहादुर राना मगर
नगर प्रमुख

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
डुम्रीडाँडा, गोरखा
गण्डकी प्रदेश, नेपाल

सुशासन र संस्थागत विकास

६४ सूचना प्रविधिमा भएको विकासलाई अनुसरण गरेर आगामी दिनमा नगरपालिकाले प्रदान गर्ने सेवाहरूलाई क्रमश विद्युतीय प्रणालीमा लैजान आवश्यक बजेट बिनियोजन गरेको छु ।

६५ न्यायमा सहज पहुँच सुनिश्चितताका लागि न्यायिक समितिलाई थप सक्रिय बनाउनुका लागि आवस्यक बजेट बिनियोजन गरेको छु ।

६६ पदाधिकारी तथा कर्मचारीहरुको क्षमता विकास गर्न क्षमता विकास कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।

६७ नगरपालिकाको वस्तुगत स्थिति झल्कने गरी स्थानीय तथ्याङ्कको व्यवस्थापन गरिने छ । सार्वजनिक सुनुवाई तथा सार्वजनिक परीक्षण कार्यलाई अनिवार्य शर्तको रूपमा सबै योजना तथा कार्यक्रमहरूमा समावेश गरिने छ । नगरपालिका क्षेत्र भित्रका सम्पूर्ण गतिविधिहरूको अनुगमन कार्यलाई व्यवस्थित गरिने छ । पत्रकारिता क्षेत्रको सस्थागत विकासका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

६८ स्वदेश तथा विदेशका नगरपालिकाहरु संग आवश्यकता अनुसार अन्य पालिकाहरुसंग समेत सम्बन्ध विस्तार गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

६९ करार सेवाको कर्मचारीको हकमा खाइपाइ आएको मासिक तलबमा १५ प्रतिशतले तलब भत्ता बढाउने गरि आवश्यक व्यवस्था गरीएको छ ।

७० कर्मचारीहरूको कार्य सम्पादन वृद्धि ल्याइ सेवा प्रवाहलाइ प्रभावकारी बनाउन कामको मुल्यांकनको आधारमा प्रोत्साहन भत्ता उपलब्ध गराउन आवश्यक गरीएको छ ।

बजेट कार्यान्वयन

७१ स्थानीय सरकार सञ्चालन ऐन २०७४, गोरखा नगरपालिकाको आर्थिक ऐन, विनियोजन ऐनमा भएको व्यवस्थानुसार श्रावणको सुरूदेखि नै बजेट कार्यान्विन गर्न अख्तियारी दिने व्यवस्था मिलाएको छ ।

७२ अख्तियारवाला सम्बन्धित शाखा प्रमुखलाई प्रचलित ऐन र कानुन अनुसार बजेट कार्यान्वयनको लागि जिम्मेवार बनाइने छ ।

अध्यक्ष ज्यू

७३ अव म माथिका क्षेत्रगत नीति तथा कार्यक्रमहरू कार्यान्वयनका लागि बजेट विनियोजन र श्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्दछु ।

७४ आगामी आर्थिक वर्षका लागि नीति तथा कार्यक्रम कार्यान्वयन गर्न रु ९४ करोड ६ लाख ६० हजार ५ सय रुपैया विनियोजन गरेको छु । जस मध्ये नेपाल सरकारको वित्तिय समानिकरण अनुदानबाट २४ करोड ७७ लाख, सर्शत अनुदानबाट ३८ करोड २९ लाख, संघीय राजश्व तर्फ १२ करोड ३७ लाख ५९ हजार, विद्युत रोयल्टीबाट १ करोड ४० लाख रुपैया, प्रदेश सरकारबाट वित्तिय समानिकरण अनुदान ३ करोड २३लाख ४५ हजार, प्रदेश राजश्व बाडफाँडबाट १ करोड ५६ लाख ५ हजार, एवम् नगरपालिकाको आन्तरिक श्रोतबाट ५ करोड ८३ लाख १ हजार ५ सय, सडक बोर्ड नेपालबाट ८० लाख ५० हजार, घरजग्गा रजिष्ट्रेशनबाट रु १ करोड ३० लाख, नगद मौज्दात २ करोड ५० लाख तथा नगद लागत सहभागिताबाट २ करोड श्रोतको अनुमान गरेको छु ।

अध्यक्ष ज्यू

७५ गोरखा नगरपालिकाका उत्कृष्ट करदाता सम्मान कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।

७६ नगरवासीको कर नगरबासीको योजनामा भन्ने नीति अनुरुप आवश्यक कार्यक्रमको व्यवस्था गरिएको छ ।

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लुम्रीडाँडा, गोरखा
गण्डकी प्रदेश, नेपाल

अध्यक्ष ज्यू

७७ मैले प्रस्तुत गरेको बजेटको कार्यान्वयनबाट नगरवासी दिदीबहिनी तथा दाजुभाइका संविधान प्रदत्त मौलिक हक र अधिकार सुनिश्चित हुदै जाने र सार्वजनिक सेवाको प्रभावकारीता एवम् गुणस्तर अभिवृद्धि हुने विश्वास लिएको छु । सामाजिक र आर्थिक क्षेत्रमा सकारात्मक परिवर्तनको महसुस हुने विश्वास लिएको छु ।

अध्यक्ष ज्यू

७८ यो बजेट तर्जुमा गर्दा मार्ग निर्देशन गर्नु हुने नगर प्रमुख ज्यू प्रति हार्दिक आभार प्रकट गर्दछु । बजेट तर्जुमा गर्दा मार्ग निर्देशन गर्नु हुने नगर कार्यपालिकाका सदस्यज्यूहरु, नगर सभाका सदस्यज्यूहरू, राजनीतिक दलका पदाधिकारीहरू, सरोकारवालाहरु र राष्ट्रसेवक कर्मचारीहरूबाट प्राप्त सुझाव, सहयोग र प्रेरणाप्रति आभार प्रकट गर्दछु । बजेटको सिद्दान्त र प्राथमिकतामा व्यापक छलफल गरी नगर कार्यपालिकाका सदस्यहरू र विषयगत समितिका पदाधिकारी र सदस्यहरूले दिनु भएको सुझावका लागि आभारी छु । त्यस्तै बजेट तर्जुमामा सुझाव दिनु हुने निजी क्षेत्र, सहकारी क्षेत्र, नागरिक समाज तथा संञ्चारकर्मी सबैप्रति आभारी छु । बजेट तर्जुमामा अहोरात्र खट्ने नगरपालिकाका राष्ट्रसेवक कर्मचारीहरूलाई धन्यवाद दिदै यो बजेट कार्यान्वयनमा पनि सबै पक्ष र क्षेत्रको उत्तिकै सक्रियता र सहयोगको अपेक्षा गरेको छु ।

धन्यवाद ।

कृष्ण बहादुर राना मगर
नगर प्रमुख